

वागीश्वरी मावि
अध्ययनरत छात्र
आफ्नो प्रतिभा
प्रस्तुत गर्दै

# वागीश्वरी
## The Bagiswori



वागीश्वरी माविमा
अध्ययनरत छात्रा
आफ्नो प्रतिभा
प्रस्तुत गर्दै

वर्ष:१३ ✹ अङ्कः ११ ✹ बुधबार, २३ माघ २०८१ ✹ Wednesday, 5 Feb 2025 ✹ मूल्य रु .५/-



वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठसित QAA सम्बन्धित अन्तर्वार्ता पृष्ठ २

वागीश्वरी माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको जिल्लागत विवरण २०८१ पृष्ठ ३

पत्रकारिता अध्ययनरत एघार विद्यार्थीलाई छात्रवृत्ति पृष्ठ ४


## भक्तपुर महोत्सवमा सहयोगीहरूलाई धन्यवाद ज्ञापन




भक्तपुर । भक्तपुर नगरपालिकाको आयोजनामा गत मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म भएको भक्तपुर महोत्सवमा सहयोग गर्ने वागीश्वरी मा.वि., वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टका शिक्षक, कर्मचारी, विद्यार्थी र सांस्कृतिक गुरुहरूलाई वागीश्वरी कलेजमा एक कार्यक्रमको आयोजना गरी धन्यवाद ज्ञापन गरिएको छ ।

नगरप्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले सहयोगी सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै नगरवासीहरूको उत्साहजनक सहभागिता र सहयोगबाट

बाँकी पृष्ठ ४..

## ई-लाइब्रेरी रिसोर्सेस प्रयोगबारे अभिमुखीकरण कार्यक्रम




भक्तपुर । वागीश्वरी कलेजको आयोजनामा स्नातक तह बीए, बीबीएस चौथो वर्ष र स्नातकोत्तर तह एमए र एमबीएस चौथो सेमेस्टरमा अध्ययरत

बाँकी पृष्ठ ४..

## प्रा.डा. सिद्धिवीर दम्पतीद्वारा वागीश्वरी अक्षयकोषमा रु २,१४,४४४।- थप

प्रा.डा. सिद्धिवीर कर्माचार्यले वागीश्वरी मा.वि.मा कक्षा ११ - १२ मा विज्ञान विषय लिई अध्ययनरत जेहनदार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्न यस अघि खडा गर्नुभएको 'वागीश्वरी प्रा.डा. सिद्धिवीर कर्माचार्य अक्षयकोष'मा यस वर्ष पुनः दुई लाख चौध हजार चार सय चवालीस रूपैया थप गर्ने बचन दिनुभएको छ । शुरुमा एक लाख चार हजार चार सय चवालीस रूपैयाको कोष स्थापना गरी पटक पटक रकम थपी उक्त कोषमा हाल रु चार लाख सत्र हजार सात सय छयाहत्तर रूपैया पुगेको अवस्थामा यस वर्ष उहाँकी श्रीमती रेणु कर्माचार्य सहितको संयुक्त रूपमा उक्त रकम वार्षिकोत्सव समारोहमा प्रदान गर्नुहुने कुरा विद्यालय प्रशासनबाट बुझिएको छ । उहाँको उक्त कोषबाट हाल बर्सेनि ८ जनाले छात्रवृत्ति पाउदै आएकोमा आगामी वर्षदेखि १२ जनालाई प्रदान गर्ने बताइएको छ ।

## गुणस्तर अभिवृद्धि कार्यक्रममा वागीश्वरी कलेज छनोट

भक्तपुर । शिक्षा विकास निर्देशनालय, हेटौंडाले सामुदायिक क्याम्पस गुणस्तर अभिवृद्धि कार्यक्रमका लागि वागीश्वरी कलेज छनोट भएको छ ।

देशभरका ८० वटा छानिएकोमा सामुदायिक कलेजहरू मा वागीश्वरी कलेज पनि छनोटमा परेको हो । छनोटमा परेका हरेक कलेजलाई रु. ५ लाख प्रदान गरिएने बुझिएको छ । त्यसको लागि आगामी माघ २८ गते काठमाडौं उपत्यकाभरका कलेजहरूलाई जनमैत्री क्याम्पस कुलेश्वरमा सम्झौताको लागि आमन्त्रण गरिएको छ

गत वर्ष पनि देशभरका ४० वटा कलेजहरूमध्ये वागीश्वरी कलेजले सामुदायिक क्याम्पस गुणस्तर अभिवृद्धि कार्यक्रमकाअन्तर्गत रु. दश लाखको अनुदान प्राप्त गरेको थियो ।

## विज्ञान विषय प्रवर्द्धनका लागि वागीश्वरी छनोट

भक्तपुर । कक्षा ११-१२मा विज्ञान विषय सञ्चालन गरिरहेका देशभरका ११४ वटा सामुदायिक माध्यमिक विद्यालयहरूलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले विज्ञान विषय प्रवर्द्धनका लागि छनोट गरेको छ । उक्त छनोटमा वागीश्वरी मा.वि पनि परेको छ ।

बताइएअनुसार विद्यालयले विद्यालय विकास प्रस्ताव (SDP) तयार गरी स्थानीय तहबाट स्वीकृति लिई त्यसमा उल्लिखित क्रियाकलापमा रकम खर्च गर्न केन्द्रद्वारा जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधिअनुसार स्थानीय तहले सहजीकरण गर्नेछ । वागीश्वरी मा.वि.ले आगामी पाँच वर्षको SDP तयार गरी स्थानीय तहको सिफारिससहित आवेदन दिएपछि उक्त छनोटमा परेको प्र.अ. कृष्णप्रसाद कर्माचार्यले बताउनुभयो ।

## वार्षिकोत्सवको उपलक्ष्यमा १०४ जनाले रक्तदान गरे

वागीश्वरी मा.वि.का. ६६ औं, वागीश्वरी कलेजको १७औं र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको दास्रो वार्षिकोत्सवको उपलक्ष्यमा माघ २२ गते विद्यालय प्राङ्गगण, तुमचोमा रक्तदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा शिक्षक, शिक्षिका, विद्यार्थीहरू गरी कुल १०४ (पुरुष ७० र महिला ३४) जनाले रक्तदान गरेको कुरा अतिरिक्त क्रियाकलाप समितिका संयोजक शिक्षक मङ्गलेश्वर ध्वोजुले जानकारी दिनुभयो ।

गत वर्ष पनि मंसिर २० गते लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत १०५ जनाले रक्तदान गरेका थिए ।

रक्तदाताहरूलाई वागीश्वारी मा.वि.का प्रधानाध्यापक कृष्णप्रसाद

बाँकी पृष्ठ ४..

## वागीश्वरी कलेजका विद्यार्थीहरूको इलाममा सामुदायिक सर्वेक्षण

वागीश्वरी कलेज स्नातक तहका मानविकी सङ्कायका तेस्रो र चौथो वर्षमा सामाजिक कार्य, समाजशास्त्र र ग्रामीण विकास विषय अध्ययनरत २६ जना विद्यार्थीहरूको जनकपुर, इलाम र दार्जीलिङमा सामुदायिक सर्वेक्षण र सिकाइ कार्यक्रम माघ २ गते देखि ४ गतेसम्म भयो ।

कार्यक्रमको पहिलो दिन विद्यार्थीहरूले सिन्धुलीको रमणीय दृश्यहरूको अवलोकन गर्दै जनकपुरको अध्ययन भ्रमण गरेर कोशी नदीको पनि जानकारी लिँदै इटहरी पुगेको थियो । दोस्रो दिनको बिहान सबेरै सुनसरीको प्रसिद्ध सिमसार क्षेत्र बेतना पुगेर अध्ययनको यात्रा सुरु गरेको थियो । तत्पश्चात, सो टोली इलामको सानो पाथीभरा र कन्याम चिया बगान पुगेको थियो । चिया खेतीको मनोहर दृश्यावलोकनपछि विभिन्न समूह बनाएर विद्यार्थीहरूले घोडा व्यवसायीहरू, टेम्पो व्यवसायीहरू, किराना पसल व्यवसायीहरू, नर्सरीका व्यवसायीहरू, होटल व्यवसायीहरू, श्रृङ्गार तथा सांस्कृतिक भेषभूषाका व्यवसायीलगाएतसँग सामाजिक सर्वेक्षण गरेका थिए ।

तेस्रो दिनमा फिक्कल बजार, पशुपति नगर हुँदै दार्जीलिङमा झोर पोखरी, चिडियाखाना भ्रमणसँगै बतासे, कञ्चनजङघा हिमालको पनि सुन्दरता अवलोकन गरिएको थियो । साथै चौथो दिन विद्यार्थीहरू धार्मिक तथा ऐतिहासिक स्थलहरू धरानको बुढासुब्बा, पिण्डेश्वर, दन्तकाली मन्दिर, मुक्ति धाम पुगेका थिए भने साँझ विराटनगर हुँदै भारतको जोगबनीसम्म पुगेको थियो ।

पाँचौ दिनमा विद्यार्थीहरूले सूर्योदयसँगै प्रसिद्ध धार्मिक स्थल बराह क्षेत्र पुगेर सो ठाउँको महत्त्वबारे

बाँकी पृष्ठ ४..

# वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठसित क्युएए सम्बन्धित अन्तर्वार्ता

**१) सर्वप्रथम वागीश्वरी कलेजले लामो समयदेखि अपेक्षा गरेको क्यूएए प्राप्त गरेकोमा यहाँलगायत कलेज परिवारलाई हार्दिक बधाई छ ।**

◆ धन्यवाद

**२) क्यूएएको अर्थ के हो र यो मान्यता कसले प्रदान गर्छ ?**

◆ क्यूएएको पूरा रूप "Quality Assurance and Accreditation" हो । यसलाई नेपालीमा "गुणस्तर सुनिश्चितता तथा प्रत्यायन" भनिन्छ । यो देशभित्र सञ्चालित उच्च शैक्षिक संस्थाहरूलाई मूल्याङ्कन गर्ने एक व्यवस्थित र महत्त्वपूर्ण प्रक्रिया हो जसले ती संस्थाहरू शिक्षा क्षेत्रमा गुणस्तरका न्यूनतम मापदण्ड पूरा गरी सञ्चालित छन् भन्ने सुनिश्चितता गर्दछ । यसले संस्थाको शैक्षिक, भौतिक, प्रशासनिक र व्यवस्थापन गुणस्तरीय छ भन्ने सुनिश्चित गर्नुका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्डअनुसार शिक्षा प्रणालीलाई प्रतिस्पर्धी विश्वसनीय र प्रभावकारी बनाउने लक्ष्य राखेको हुन्छ ।

सानोठिमी, भक्तपुरमा अवस्थित विश्वविद्यालय अनुदान आयोग (University Grants Commission, Nepal) ले QAA प्राप्त गर्न इच्छुक उच्च शैक्षिक संस्थाहरू (विश्वविद्यालय/ कलेज/ क्याम्पसहरू) ले आयोगले तोकेको मापदण्ड पूरा गरेपछि र त्यस्ता संस्थाहरूको विभिन्न चरणमा अनुगमन मूल्याङ्कन गरिसकेपछि क्यूएए (गुणस्तर सुनिश्चितता तथा प्रत्यायन) प्रमाणपत्र प्रदान गर्ने गर्दछ ।

**३) कलेजका लागि क्यूएएको मान्यता किन आवश्यक भयो ? यसको उपयोगिता वा महत्त्व के के छन् ?**

◆ नेपालमा सन् १९९० को दशकदेखि नै विभिन्न उच्च शैक्षिक संस्था (विश्वविद्यालय तथा कलेज/क्याम्पस) हरूको उल्लेख्य मात्रामा स्थापना हुने क्रमले गति लिन थालेदेखि नै उच्च शिक्षामा एक रूपता कायम गर्न र संस्थाले प्रदान गर्ने शिक्षा राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा व्यवस्थित, प्रतिस्पर्धी, विश्वसनीय र गुणस्तरीय छ भनी सुनिश्चित गर्न क्यूएएको आवश्यकता र महत्त्व बढ्दै गएको देखिन्छ । यही वा अन्य थुप्रै कारणहरूले गर्दा पनि वागीश्वरी कलेजलाई क्यूएएको महत्त्व, उपयोगिता र आवश्यकता भएको हो । जस्तै:

क) कुनै पनि कलेज/क्याम्पसले सम्बन्धित विश्वविद्यालय विशेषत: त्रिभुवन विश्वविद्यालयबाट स्नातक तहमा (BBA, BBM, BIT, BCA, BSC CSIT, BASW) तथा स्नातकोत्तर तहमा (MBA, MIT, MBM, etc..) जस्ता प्राविधिक तथा व्यावसायिक धारका थप कार्यक्रमहरू सञ्चालनको लागि सम्बन्धन लिनुपर्दा उक्त संस्थाले क्यूएए अनिवार्य रूपमा प्राप्त गरेको हुनुपर्ने प्रावधान राखिएको छ । क्यूएएविना थप शैक्षिक कार्यक्रमको सम्बन्धन नपाइने प्रावधानले गर्दा पनि कलेजलाई यसको आवश्यकता भएको हो ।

ख) राष्ट्रिय उच्च शिक्षा नीति २०७६ मा समेत क्यूएएको महत्त्व र आवश्यकतामाथि जोड दिँदै यसलाई अनिवार्य प्रावधानको विकास गर्ने नीतिको कारणले समेत यसको आवश्यकता बढेको हो ।

ग) नेपालको १६ औं राष्ट्रिय योजनामा समेत उच्च शिक्षा सुधार कार्यक्रमअन्तर्गत विश्वविद्यालय अनुदान आयोगबाट लगातार तीन पटक (१५ वर्ष) सम्म गुणस्तर सुनिश्चितता तथा प्रत्यायनकृत प्रमाणपत्र प्राप्त गर्ने कलेज/क्याम्पसहरूलाई सूचकको आधारमा शैक्षिक उपाधि प्रदान गर्ने संस्थाको रूपमा सञ्चालनको लागि स्वीकृति प्रदान गर्ने उल्लेख छ । वागीश्वरी कलेजले पनि सोहीअनुसार कार्य गर्ने महत्वाकांक्षा राखेको हुँदा क्यूएए लिएको हो ।

घ) कलेजले आफूले प्रदान गर्ने शैक्षिक सेवा र सुविधाहरूलाई सर्वदा गुणस्तरीय, प्रतिस्पर्धी र उत्कृष्ट बनाइराख्न र मान्यता प्राप्त संस्था, समुदाय, शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक र अन्य थुप्रै सरोकारवालाहरूको दरिलो विश्वास र साथ प्राप्त गर्न क्यूएए लिनुपरेको हो ।

ङ) क्यूएए प्राप्त कलेज/क्याम्पसहरूलाई देश विदेशका विभिन्न प्रतिष्ठित उच्च शैक्षिक संस्थाहरूसँग अध्ययन, अनुसन्धान गर्न सहज हुने हुँदा कलेजले यसको आवश्यकता ठानेको हो ।

**४) क्यूएए प्राप्तिका लागि प्रक्रिया के कस्तो छ ? वागीश्वरी कलेजले त्यो प्रक्रिया कसरी पूरा गऱ्यो ? वागीश्वरीको क्यूएए प्राप्तिमा क-कसको के कस्तो योगदान रह्यो ?**

◆ कुनै पनि कलेजले क्यूएए प्राप्तिका लागि विश्वविद्यालय अनुदान आयोगले निर्धारण गरेका प्रक्रिया र प्रावधानहरूलाई पूरा गर्नुपर्ने हुन्छ, जसअन्तर्गत आशय पत्र (Letter of Intent) प्राप्त गर्ने, स्वअध्ययन प्रतिवेदन (Self Study Report) तयार पारी पेश गर्नुपर्ने, सो प्रतिवेदनको क्रमबद्ध समीक्षापश्चात् समकक्षी परीक्षण टोली (Peer Review Team) को गठन हुने, विभिन्न चरणमा विभिन्न विज्ञहरूसहितको समकक्षी टोलीबाट परीक्षण, अनुगमन भ्रमण हुने, सो भ्रमणबाट प्राप्त सुझावहरूलाई सम्बोधन गरी प्रतिवेदन शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्मा पेश गरेपश्चात् समकक्षी टोलीको सिफारिसमा आयोगले निर्णय गरी क्यूएए प्रदान गर्ने गरिन्छ ।

यसका अतिरिक्त धेरै मात्रामा आन्तरिक तयारी गर्नुपर्ने हुन्छ । कलेजमा आन्तरिक गुणस्तर सुनिश्चितता एकाइ, स्वअध्ययन टोली र अन्य विभिन्न इकाइहरू/समितिहरू गठन गर्नुपर्ने हुन्छ । साथै सम्बन्धित सरोकारवालाहरूसँग क्यूएएको महत्त्व र आवश्यकताबारे छलफल गर्दै स्वअध्ययन फाराममा उल्लिखित आठ ओटा खण्ड र १२० ओटा महत्त्वपूर्ण सूचकअनुसारका कार्य र आवश्यक दस्तावेजहरू तयार पार्नुपर्ने हुन्छ ।

संस्थाको समग्र शैक्षिक, प्रशासनिक र भौतिक पक्षहरूको गुणस्तरीय व्यवस्थापन, पाठ्यक्रम, शिक्षण सिकाइ विधि, अनुसन्धान, नवप्रवर्तन, शैक्षिक व्यवस्थापन पक्ष, सुस्वास्थ्य, सरसफाइ, जनशक्ति आदिमा गुणस्तरीय सुधार गर्नुपर्दछ । वागीश्वरी कलेजले यी सबै प्रक्रियाहरू पूरा गरेपछि मात्र क्यूएए प्राप्त गरेको हो । क्यूएए प्राप्त गर्ने क्रममा कलेजसभा र कलेज व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक, कर्मचारीहरू, वागीश्वरी मावि, वागीश्वरी कलेज अफ म्यानेजमेन्ट, हाल अध्ययनरत विद्यार्थीहरू, पूर्व विद्यार्थीहरू, विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, छिमेकी कलेज तथा विद्यालयका प्रिन्सिपलहरू, अभिभावक, समाजका अग्रज अगुवाहरू, विश्वविद्यालय अनुदान आयोगका पूर्व र वर्तमान कर्मचारी साथीहरू, क्यूएए सचिवालयका पूर्व र वर्तमान पदाधिकारी तथा कर्मचारी साथीहरू, समकक्षी परिक्षण टोली संयोजक तथा सदस्यहरू र अन्य थुप्रै शुभेच्छुक महानुभावहरूले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा अमूल्य सहयोग र योगदान दिनुभएको छ ।



धनकुमार श्रेष्ठ
प्राचार्य, वागीश्वरी कलेज

**५) वागीश्वरी कलेजमा हाल कुन कुन विषयमा अध्यापन भइरहेको छ र क्यूएए प्राप्तिपछि के कस्ता नयाँ विषय अध्यापनको सम्भावना देख्नुहुन्छ ?**

◆ वि.सं. २०६४ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालित यस कलेजमा हाल स्नातक तह (Bachelor Level) का दुई ओटा बीए र बीबीएस र स्नातकोत्तर तह (Master Level) का दुई ओटा एमए समाजशास्त्र र एमबीएसका शैक्षिक कार्यक्रमहरू सञ्चालित छ । बीएमा विद्यार्थीको चाहना र समयको मागअनुसारका Social work, Sociology, Rural Development, Mass Communication and Journalism, Major English, Major Nepali, Major Economics, Major Political Science लगायतका विषयहरूको अध्यापन भइरहेको छ ।

नयाँ विषयहरू कलेज व्यवस्थापन समितिले जे जे विषय आवश्यक ठान्छ त्यसैमा भर पर्दछ । विषयहरू धेरै छन् ।

**६) क्यूएए प्राप्तिपछिका कलेजसामु रहेका चुनौतीहरू के के देख्नुहुन्छ ? वागीश्वरी कलेजले ती चुनौती कसरी समाधान गर्दै जाने छ ?**

◆ उच्च शिक्षामा संलग्न जोकोहीको लागि क्यूएए उपाधि प्राप्त हुनु एउटा महत्त्वपूर्ण उपलब्धि हो । क्यूएए प्राप्त कलेजबाट सम्बन्धित विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोगबाट मान्यता प्राप्त राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था, कलेज व्यवस्थापन समिति, शिक्षक कर्मचारी, विद्यार्थी, अभिभावक, समुदाय र अन्य थुप्रै सरोकारवालाहरूले धेरै अपेक्षाहरू राखेका हुन्छन् ।

भक्तपुर जिल्लामै क्यूएए प्राप्त पहिलो सामुदायिक कलेज हुन सफल यस वागीश्वरी कलेजबाट पनि उहाँहरूले थुप्रै अपेक्षा राखेको हुनुपर्दछ । उहाँहरूको अपेक्षाअनुसार सफलतापूर्वक कार्य गर्न सकिएन भने हामीले प्राप्त गरेको यो उपलब्धि खेर जानेछ । तसर्थ यो हाम्रो लागि ठूलो चुनौती हो । क्यूएएको मूल्य, मान्यता र मापदण्डअनुसार कलेजको गुणस्तरलाई निरन्तर अभिवृद्धि गर्दै जानुपर्ने अर्को चुनौती छ । यसका साथै शैक्षिक, भौतिक, प्रशासनिक, संशाधन व्यवस्थापन, अनुसन्धान, नवप्रवर्तनलगायत विभिन्न पक्षहरूसँग सम्बन्धित अन्य थुप्रै चुनौतीहरू पनि छन् ।

ती सबै चुनौतीहरूलाई सामूहिक भावनाका साथ कलेज व्यवस्थापन समिति, कलेजसभा, शिक्षक, स्टाफ र समुदायका शुभेच्छुक साथीहरूको सामूहिक प्रयासबाट समाधान गर्न सकिन्छ भन्ने मेरो दृढ विश्वास हो ।

**७) क्यूएए प्राप्तिपछि विद्यार्थी र अभिभावकहरूका के कति शैक्षिक अपेक्षा वागीश्वरी कलेजले पूरा गर्न सक्ने यहाँ देख्नुहुन्छ ?**

◆ वागीश्वरी कलेजको सफलताको अनेकौं आधारमध्ये अभिभावक र विद्यार्थीहरूको साथ, सहयोग र विश्वास प्रमुख हो । कलेजलाई क्यूएए प्राप्त गर्न उहाँहरूले निकै सहयोग गर्नुभएको छ । तसर्थ उहाँहरूको अपेक्षाअनुसार कार्य गर्दै अगाडि बढ्नु कलेजको जिम्मेवारी पनि हो । त्यसैले कलेजले उहाँहरूको विविध अपेक्षाहरूलाई क्रमिकरूपमा पूरा गर्न योजनाबद्ध ढङ्गले अघि बढ्नेछ ।

त्यसो त क्यूएए प्राप्त गर्नु अघि पनि वागीश्वरी कलेजले स्थापनाको सात्र वर्षभित्र ३ (तीन) पटक नेपाल टपको नतिजा ल्याएको गौरवपूर्ण इतिहास हामीसँग छ । जस्तै सर्वाधिक उत्तीर्ण प्रतिशत बढाएको आधारमा विश्वविद्यालय अनुदान आयोगबाट रु.७६ लाख प्राप्त भएको थियो भने सङ्गीता बुढाचार्यले देशका सामुदायिक कलेजहरूमा नेपाल टप नतिजा ल्याएकी थिइन् भने

बाँकी पृष्ठ ३ मा

*वागीश्वरी कलेजका...*

बबिता ग्वाछाले बीबीएसमा नेपाल टप गरेकी थिइन् । यस्ता गौरवलाई आगामी दिनमा पनि कायम गर्न हाम्रो प्रयास रहने नै छ ।

**८) QAA प्राप्त भक्तपुरको पहिलो सामुदायिक कलेज भएको हिसाबले ज्ञानविज्ञानको केन्द्रबिन्दु बन्ने दिशातिर गइरहेको भक्तपुरलाई कति सहजताको वातावरण बनाउन सक्छ ?**

◆ पछिल्लो समयमा भक्तपुरलाई देश विदेशमा परिचित गराउने धेरै आधारहरूमध्ये शिक्षा महत्त्वपूर्ण आधार हो । भक्तपुरमा अवस्थित शैक्षिक संस्थाहरूले दिने शिक्षा गुणस्तरीय, व्यावहारिक र जीवनोपयोगी मानिन्छ । शिक्षालाई श्रम, सीप र रोजगारसँग जोड्न सकेको कारणले गर्दा भक्तपुरको शैक्षिक संस्थाहरूप्रति जनविश्वास बढेको देखिन्छ ।

यहीक्रममा वागीश्वरी कलेजले त्तब्ब प्राप्त गरी यो विश्वासलाई अझ दिगो बनाएको छ । समग्र शैक्षिक गुणस्तर सुधार नवीनतम शैक्षिक कार्यक्रम र शिक्षण विधिहरू, सामुदायिक सेवा, परामर्श र तालिम कार्यक्रमहरू सञ्चालन, अनुसन्धान र नवप्रवर्तनलाई प्रवर्द्धन, अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरूसँग सम्बन्ध विस्तार आदि कार्यहरू गरेर कलेजले भक्तपुरलाई उत्कृष्ट ज्ञान, विज्ञानको केन्द्र बनाउने लक्ष्यमा योगदान पुऱ्याउनुका साथै भक्तपुरको मान र प्रतिष्ठालाई बढाउन सक्दो मद्दत पुऱ्याइरहेको छ ।

**९) QAAप्राप्त कलेजले विदेश जाने विद्यार्थीलाई रोक्न कस्तो भूमिका निर्वाह गर्न सक्छ ?**

◆ QAA प्राप्त गरेको कलेजले विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा, नवीनतम शैक्षिक कार्यक्रमहरू र व्यावसायिक सीपहरू प्रदान गर्न सक्दछ । यसले विद्यार्थीहरूलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी तथा सक्षम बनाउँछ । साथै कलेजले रोजगारीका अवसरहरू सिर्जना गर्न उद्योग व्यवसायीहरूसँग सहकार्य र साझेदारी गर्दै र Non Credit Course अन्तर्गत व्यावसायिक सीपयुक्त तालिमहरू सञ्चालन गरेर विद्यार्थीहरूलाई स्वदेशमै उज्ज्वल भविष्य सुनिश्चित गर्न प्रेरित गर्दै आएको छ । यसरी कलेजले गुणस्तरीय शिक्षा र रोजगारीको अवसरमार्फत विदेश जाने प्रवृत्तिलाई निरुत्साहित गर्ने प्रयास गर्दै आएको छ ।

**१०) क्यूएए प्राप्तिका लागि प्रतिक्षामा रहेका अन्य कलेजहरूले सुझाव मागेको खण्डमा के** तपाईं भन्नुहुन्छ ?

◆ क्यूएए कुनै पनि शैक्षिक संस्थाको गुणस्तर सुधारका लागि अपनाइने एउटा महत्त्वपूर्ण प्रक्रिया हो । उक्त प्रक्रियामा कलेजहरूलाई लानुपर्छ भन्ने मेरो अनुरोध छ ।

११) अन्त्यमा भन्नुपर्ने कुनै थप कुरा छ कि ?

◆ वागीश्वरी कलेजलाई यो अवस्थासम्म पुऱ्याउन योगदान पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवाला महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

## वागीश्वरी माध्यमिक विद्यालय

कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको जिल्लागत विवरण २०८१

| S.N. | District Name | No. of Student | S.N. | District | No. of Student |
|---|---|---|---|---|---|
| 1 | ACHHAM | 3 | 32 | MAHOTTARI | 2 |
| 2 | ANAIKOT | 1 | 33 | MAKWANPUR | 6 |
| 3 | ARGHAKHANCHI | 1 | 34 | MORANG | 2 |
| 4 | BAJHANG | 3 | 35 | MUGU | 1 |
| 5 | BAJURA | 3 | 36 | NUWAKOT | 2 |
| 6 | BANKE | 1 | 37 | OKHALDHUNGA | 12 |
| 7 | BARA | 5 | 38 | PANCHTHAR | 3 |
| 8 | BARDIYA | 3 | 39 | PARBAT | 1 |
| 9 | BHAKTAPUR | 301 | 40 | PARSA | 3 |
| 10 | BHOJPUR | 2 | 41 | RAMECHHAP | 85 |
| 11 | CHITWAN | 1 | 42 | RAUTAHAT | 3 |
| 12 | DADELDHURA | 1 | 43 | ROLPA | 2 |
| 13 | DAILEKH | 14 | 44 | RUKUM | 1 |
| 14 | DANG | 2 | 45 | RUPANDEHI | 1 |
| 15 | DHADING | 5 | 46 | SALYAN | 1 |
| 16 | Dhankuta | 1 | 47 | SANKHUWASAVA | 1 |
| 17 | DHANUSHA | 1 | 48 | SAPTARI | 1 |
| 18 | DOLAKHA | 40 | 49 | SARLAHI | 11 |
| 19 | DOTI | 1 | 50 | SINDHULI | 14 |
| 20 | GORKHA | 1 | 51 | SINDHUPALCHOK | 92 |
| 21 | ILAM | 2 | 52 | SIRAHA | 3 |
| 22 | JHAPA | 5 | 53 | SOLUKHUMBU | 6 |
| 23 | JUMLA | 17 | 54 | SUNSARI | 1 |
| 24 | KAILALI | 9 | 55 | SURKHET | 1 |
| 25 | KALIKOT | 9 | 56 | SYANGJA | 1 |
| 26 | KANCHANPUR | 2 | 57 | TANAHUN | 1 |
| 27 | KAPILVASTU | 1 | 58 | TAPLEJUNG | 2 |
| 28 | KATHMANDU | 4 | 59 | TERHATHUM | 1 |
| 29 | KAVREPALANCHOK | 99 | 60 | UDAYAPUR | 4 |
| 30 | KHOTANG | 7 | 61 | INDIA | 2 |
| 31 | LALITPUR | 2 | | Total | 813 |

## फोटो फिचर

वागीश्वरी कलेजका शिक्षक शिवबहादुर खुलिमुली जनमैत्री बहुमुखी क्याम्पसद्वारा आयोजित प्रथम अन्तर्राष्ट्रिय सम्मेलनमा 'ICT Friendly Head–teachersM A Survey of Community Schools of Changunarayan Municipality' विषयमा आफ्नो प्रस्तुती दिने क्रममा ।




वागीश्वरी मावि आमसञ्चार तथा पत्रकारिताका विद्यार्थीहरूले बागमति प्रदेशको सञ्चार रजिस्टारको कार्यालयबाट ५ दिने श्रब्यदृष्य तथा चलचित्र निर्माणसम्बन्धी तालिम प्राप्त गरेका छन् ।




वागीश्वरी मावि कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूलाई इमाडोलस्थित 3D Art Museum मा अध्ययन भ्रमणका क्रममा ।



वागीश्वरी माविमा होटल म्यानेजमेन्ट अध्ययरत विद्यार्थीहरूलाई Bhaktapur Academy of Tourism and Hospitality Management मा प्रयोगात्मक अभ्यासका क्रममा ।



वागीश्वरी कलेज स्नातक तह व्यवस्थापन सङ्काय चौथो वर्षमा अध्ययनरत २४ जना विद्यार्थीहरू तथा ४जना शिक्षकहरूको मुस्ताङ (जोमसोम, मार्फा, कागबेनी) कुश्मा , बेनी, पोखरा र वन्दीपुरसम्म शैक्षिक भ्रमण ।



# पत्रकारिता अध्ययनरत एघार विद्यार्थीलाई छात्रवृत्ति






भक्तपुर । सूचना तथा प्रसारण विभागले वागीश्वरी कलेजमा पत्रकारितामा अध्ययनरत चार जना विद्यार्थीहरू समेत गरी ११ विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ ।

३२ जना विद्यार्थीहरूले छात्रवृत्तिका लागि आवेदन दिएकामा वागीश्वरी कलेजमा स्नातक तह बीए चौथो वर्षमा अध्ययनरत विद्यार्थी तेन्जिङ डोल्मा तामाङ, तेस्रो वर्षका मञ्जुली कोजु, सुमन मचामसी र प्रथम वर्षमा अध्ययरत लक्मी तामाङ रहेका छन् ।विभागको कार्यालयमा पुस २६ गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालको उपस्थितिमा छात्रवृत्ति वितरण गरिएको हो । विभागका महानिर्देशक प्रदीप परियारका अनुसार छात्रवृत्ति स्वरूप जनही रु २५/२५ हजार प्रदान गरिएको छ ।

---

*भक्तपुर महोत्सव...*

भक्तपुर महोत्सव अरूको लागि समेत उदाहरणीय बन्न पुगेको बताउनुभयो ।

महोत्सव अवलोकन गर्न आएका विभिन्न नगरपालिकाका जनप्रतिनिधिहरूले भक्तपुर शिक्षा र स्वास्थ्यमा जस्तै महोत्सव आयोजनामा पनि उदाहरणीय रहेको प्रतिक्रिया आफूलाई दिएको बताउँदै उहाँले महोत्सवलाई सारा नगरवासीको साझा महोत्सव बनाउन भनी नगरपालिकाले आह्वान गरेपछि नगरवासीहरू स्वत:स्फूर्त रूपमा विभिन्न स्टलहरू राख्न थालेको चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, 'नगरपालिकाले केवल पच्चीस ठाउँमा प्रदर्शनीको व्यवस्था गरेकोमा नगरवासीको सहभागितामा एक सय बत्तीस स्थानमा प्रदर्शन भयो । यो आफैमा सफलताको उदाहरण हो ।'

वागीश्वरीले महोत्सवको पूर्वसन्ध्यामा 'वागीश्वरी उत्सव'को आयोजना गरी महोत्सवको पूर्वअभ्यास गरेको चर्चा गर्दै उहाँले वागीश्वरी मावि, वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको तर्फबाट शैक्षिक, सांस्कृतिक, व्यापारिकलगायत स्काउट, स्वयम्सेवक क्षेत्रमा पुऱ्याएको योगदान प्रशंसनीय रहेको बताउनुभयो ।

विभिन्न कारणले बाह्य पर्यटकहरू प्रभावित हुन सक्ने हुँदा आन्तरिक पर्यटकहरूलाई विशेष जोड दिइएको यसपालिको महोत्सवमा करिब आठ लाख जनाले अवलोकन गरेको अनुमान गरिएको बताउँदै उहाँले महोत्सव नगरको प्रतिभा र एकता प्रदर्शन गर्ने अवसर भएको पनि बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष एवं वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले नयाँ पुस्ताको लागि महोत्सव नयाँ अनुभव भएको उल्लेख गर्दै महोत्सवका पाँच दिन भक्तपुर सिङ्गै एउटा खुला विश्वविद्यालय जस्तो भएको बताउनुभयो । महोत्सवका पाँच दिनमा सिक्नेहरूका लागि धेरै सिक्ने अवसर मिलेको बताउँदै महोत्सव अवधिभर नगरवासीले खानेपानी, शौचालय स्वत: स्फूर्त रूपमा व्यवस्था गरिदिँदा अवलोकनकर्ता कसैलाई त्यसबारे गुनासो गर्ने ठाउँ नभएको जानकारी दिनुभयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाको सभापतित्वमा भएको उक्त कार्यक्रममा वागीश्वरी कलेजका संयोजक ज्ञानसागर प्रजापति, प्राचार्य धनकुमार श्रेष्ठ र वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले पनि बोल्नुभएको थियो । कार्यक्रममा वागीश्वरी तीनओटै संस्थाबाट भक्तपुर महोत्सवमा सक्रिय सहभागिता जनाएका २२५ जनालाई धन्यवाद पत्र वितरण गरिएको थियो ।

---

*वार्षिकोत्सवको उपलक्ष्यमा...*

कर्माचार्य, वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद श्रेष्ठ, वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठ, वागीश्वरी कलेजका संयोजक ज्ञानसागर प्रजापतिलगायतले धन्यवाद सहित प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

---

*ई-लाइब्रेरी रिसोर्सेस...*

विद्यार्थीहरूलाई ई-लाइब्रेरी रिसोर्सेस प्रयोगबारे एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले त्रिभुवन विश्वविद्यालयको केन्द्रिय पुस्तकालय नेपालको सबैभन्दा ठूलो पुस्तकालय बताउनुका साथै विभिन्न पुस्तकालयहरूको चर्चा गर्दै उहाँले भक्तपुर नगरपालिकावाट सञ्चालित जनज्योति पुस्तकालयमा सञ्चालन भैरहेको ई-लाइब्रेरीबारे जानकारी दिनुभयो ।

त्यसैगरी मानविकी सङ्कायका इन्चार्ज राजन फेलुले अनुसन्धानको महत्त्व दर्शाउँदै अनुसन्धानमा अगाडि वढेको देश विकासित देशको रूपमा अगाडि बढको बताउनुभयो ।

विश्वको जुनैसुकै कुनामा बसेर कुनै पनि विषयमा अध्ययन अनुसन्धान गरेता पनि ई-रिसोर्सेस स्रोत सहज रूपमा उपलब्द हुने भएकाले ठाउँले अर्थ नलाग्ने तर व्यक्तिको अध्ययन स्तरले अर्थ दिने भाव व्यक्त गर्नुभयो ।

उक्त अभिमुखीकरण कार्यक्रमका स्रोतव्यक्ति त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालयका पुस्तकालय अधिकृत विजय शर्माले ई-लाइब्रेरीको प्रयोग गर्ने तरिका, विद्यार्थीहरूलाई थेसिस लेखन जस्ता कार्यमा यसबाट हुने सहजता तथा उपयोगिताबारे पावर प्वईटका स्लाईड प्रस्तुत गर्नुहुँदै विद्यार्थीहरूलाई आआफ्नो ल्यापटप र मोवाइलमा अभ्यास गराउनुभयो ।

कार्यक्रमको अन्त्यमा वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले अभिमुखिकरण कार्यक्रमले विद्यार्थीहरू लाभान्वित भएको आशा व्यक्त गर्नुका साथै स्रोतव्यक्ति विजय शर्मालाई मायाको चिनो प्रदान गर्नुभयो ।

---

*वागीश्वरी कलेजका...*




पुजारीबाट जानकारी हासिल गरी उदयपुर र सुनसरीको बिचमा रहेको सप्तकोशीमा रमाउँदै सिन्धुलीगढी संग्रहालयमा अध्ययन भ्रमण गरे । सो अध्ययन टोलीमा मानविकी सङ्कायका प्रमुख राजन फेलु, अतिरिक्त क्रियाकलाप समितिका संयोजक मंगलेश्वर ध्वजू र विषय शिक्षक अविना श्रेष्ठको पनि सहभागिता थियो ।

---

## कविता

### प्रकृति जोगाऊ

✍ युवी साँद
कक्षा ९

प्लास्टिक डढाएर प्रदूषण नफैलाऊ
फोहोर जथाभावी फ्याँलेर दुर्गन्ध नबढाऊ
जङ्गल मासेर उजाड नबनाऊ
हाम्रो प्रकृतिलाई सबैले जोगाऊ ।
रासायनिक मलको प्रयोग घटाऊ
कीटनाशक औषधीको विकल्प खोजौँ
उपयोगी वनस्पति खोजी खोजी रोपौँ
प्यारो प्रकृतिलाई सबैले जोगाऊ ।
विद्युतीय सवारीको प्रयोग बढाऊ
सौर्य शक्तिलाई उपयोग गरौँ
वैज्ञानिकहरूका सुझावलाई बुझौँ
हाम्रो जीवन प्रकृतिलाई सबैले जोगाऊँ ।

### राम्रो लाग्यो, राम्रो लागेन

✍ चाँदनी गुरुङ
कक्षा: १०

पिङ खेलेको राम्रो लाग्यो
डाइस खेलाएको राम्रो लागेन
चङ्गा उडाएको राम्रो लाग्यो
जुवातासमा पैसा उडाएको राम्रो लागेन
मन्दिरमा पूजा गरेको राम्रो लाग्यो
पशुपन्छी काटेर
रगतको भल बगाएको राम्रो लागेन
मान्यजनसँग टीका लगाएको राम्रो लाग्यो
दाजुभाइ दिदीवहिनीविच
सद्भाव साटेको राम्रो लाग्यो
मादक पदार्थ पिएर मातेको राम्रो लागेन
देउसीभैलो खेलेको राम्रो लाग्यो
दक्षिणाको पैसा उडाएको राम्रो लागेन ।

### भक्तपुरको निम्तो

✍ लजिना प्रजापति
कक्षा: ९

भक्तपुर आउनु साथी भक्तपुर आउनु
प्राचीन सहर घुमी घुमी धेरै रमाउनु

पाँचतले मन्दिर हेर्नु शिर उचालेर
पचपन्ने झ्याले दरबार हेर्नु नियालेर

दत्तात्रय मन्दिर पक्कै मन पराउनु होला
पोखरी छन् रमाइलो हेर्दै घुम्नु होला

जुजु धौको स्वादसँगै बारा चाख्नु होला
भादगाउँले टोपी किनी मक्ख पर्नु होला

हाकुपटासी नि बुन्छन् भाँडा बनाउँछन्
थरी थरी मखुन्डो र मूर्ति बनाउँछन्

अनेक थरी जात्रा पर्व पनि यतै हुन्छ
सानो जिल्ला भक्तपुरको धेरै महत्त्व छ ।

प्रकाशक: वागीश्वरी कलेज, कार्यालय: वागीश्वरी कलेज, फोन नं.: ६६१८३१९, www.bagisworicollege.com.np, Email:bagisworicollege072@gmail.com, कम्प्युटर: रोशनी श्रेष्ठ , मुद्रक: इन्द्रेणी छापाखाना, मिबाछें